प्रकाशक/प्रधान सम्पादक : वैधनाथ कुमार यादव
: ९८५२८५५५५०
सह-सम्पादक : शिवराम महरा
सल्लाहाकार : अधिवक्ता हरिनन्दन यादव
व्यवस्थापक : धनजित कुमार यादव
: ९७०६२९८८८०
वेबसाइड : www.seemasandeshdaily.com
फेसबुक पेज : seemasandeshdaily.com
कम्प्युटर ले-आउट : सुनिता कुमारी यादव
९७०३२०९२००
ईमेल : seemasandesh2078@gmail.com
seemasandesh.add@gmail.com
कार्यालय : गोलबजार न.पा.-४ गरुधाम चौक र
सिरहा नगरपालिका-७, सिरहा
सम्पर्क : ९७०३२०९२००
मुद्रक : आयुषमान अफसेट लहान, सिरहा

## सीमा सन्देश
### सम्पादकीय....

# बालेनको अग्निपरीक्षा

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्रीमा नियुक्त भएसँगै उनको सरकारको कठिन परीक्षा सुरु हुने निश्चित भएको छ। चुनावअघि सार्वजनिक गरिएको वाचापत्रमा 'न्यायाधीश नियुक्ति प्रक्रियामा दलगत प्रभाव, आन्तरिक प्रतिस्पर्धाको अभाव तथा भागबन्डा आधारित सिफारिस जस्ता प्रवृत्तिको अन्त्य गर्ने' भनेको रास्वपाले सरकारमा जानेबित्तिकै 'दलको दलदल' पार गर्नुपर्नेछ। आगामी चैत १८ गते प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले अवकाश पाउँदैछन्। उनीपछिको प्रधानन्यायाधीश नियुक्त गर्ने जिम्मेवारी बालेन सरकारको हुनेछ। प्रधानन्यायाधीश नियुक्त गर्ने निकाय संवैधानिक परिषदको अध्यक्षको रुपमा यो उनको परीक्षाको घडी हुनेछ। किनकि प्रधानन्यायाधीशको प्रमुख दावेदार नै दलीय आधारमा नियुक्त भएकी न्यायाधीश छिन्। प्रधानन्यायाधीश राउतको अवकाशसँगै स्वत: कायम मुकायम प्रधानन्यायाधीशको रुपमा सर्वोच्च अदालतको नेतृत्व सपना प्रधान मल्लको हातमा जानेछ।

विगतका अभ्यास हेर्दा प्रधानन्यायाधीशले अवकाश पाएपछि उनीभन्दा पछिका वरिष्ठतम न्यायाधीश नै प्रधानन्यायाधीश भएका छन्। यही परम्परा पच्छ्याउने हो भने बालेन सरकारले पनि मल्ललाई नै नियुक्त गर्नुपर्नेछ। तर, वरिष्ठतम न्यायाधीश मल्ल नेकपा एमालेको कोटाबाट सर्वोच्च अदालतको न्यायाधीश नियुक्त भएकी हुन्। २०६४ सालको निर्वाचनपछि गठित संविधानसभामा एमालेको तर्फबाट सभासद भइसकेकी व्यक्ति हुन्। एमालेको तर्फबाट उम्मेदवार नै रहेकी मल्लको राजनैतिक आबद्धताबारे कुनै अस्पष्टता छैन। उनीपछिको वरियतामा रहेका कुमार रेग्मी पनि विवादरहित छैनन्। उनी ललिता निवास जग्गा हिनामिना प्रकरणमा मुछिएका व्यक्ति हुन्। हिनामिना गरिएको जग्गा उनले पनि आफ्नो नाममा पारेका थिए। पछि सो जग्गा फिर्ता गर्ने मात्रै शर्तमा उनीविरुद्ध मुद्दा चलाइएन। गैरकानुनी रुपमा हत्याको जग्गा फिर्ता गर्नेकारी मुद्दा चल्नबाट उम्किने उनी र एमाले नेता विष्णु पौडेलका छोरा नवीन पौडेल थिए।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिराहा

### हरुवा चरुवा दलित लगायत दलित वर्गको जीविकोपार्जन कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०४)

यस विज्ञ केन्द्रको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका कार्यक्रमहरू संचालनका लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७) "तथा पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१' अनुरुप तपसिल बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गका कृषक/फार्म/समुह/सहकारीले देहाय बमोजिमका कागजात सहित १५ औंदिन (मिति २०८२/१२/१८ गते) सम्म र अन्तिम दिन सार्वजनिक बिदा भएको खण्डमा सोको भोलिपल्ट कार्यालय समय भित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसकिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । सूचना बमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्तागरिनेछ। यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८, ९८५२८३४८०३ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| क.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | कुल अनुदान रकम (रु.लाखमा) | कार्यालय बाट हुने अधिकतम साझेदारी % | साझेदार अनुदान ग्राही /आवश्यक न्युनतम मापदण्ड | खर्च गर्न सकिने विषयगत क्षेत्रहरू |
|---|---|---|---|---|---|---|---|
| १. | हरुवा चरुवा दलित लगायत दलित वर्गको जीविकोपार्जनका लागी १००% अनुदान पशुपन्छी पालन कार्यक्रम | संख्या | ५ | २५ | १००% | हुहरुवा, चरुवा दलित लगायत लक्षित वर्ग | क) हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गका जिविकोपार्जनका लागी प्रजनन् योग्य माउ (बाखा/बंगुर), कुखुरा/हाँसको चल्ला खरिद तथा वितरण, गोठा निर्माण /सुधार |

देहाय :

| हरुवा चरुवा:-व्यक्ती/कृषकको लागि | हरुवा चरूवा:-कृषक समूह/सहकारी/नीजि फार्मको लागि |
|---|---|
| १.रु.१० को टिकट टाँस गरी फा.न. २ अनुसार कोप्रस्ताव/आवेदन ।<br>२. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना<br>३. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायवाट विगत ३ वर्षमा अनुदान नलिएको स्व-घोषणापत्र।<br>४. नागरिकताको प्रतिलिपि<br>५. सम्बन्धित स्थानिय तहवाट हरुवा चरुवा, दलित लगायत लक्षित वर्ग पहिचान हुने सिफारिस पत्र<br>६. कार्यालयले आवश्यकता अनुसार माग गरे बमोजिमको अन्य आवश्यक कागजातहरु । | १. रु. १० को टिकट टाँस गरी फा.न.२ अनुसारको प्रस्ताव/आवेदन ।<br>२. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना<br>३. समान प्रकृतिको कार्यको लागियस निकाय वा अन्य कुनै निकायवाट विगत ३ वर्षमा अनुदान नलिएको स्व-घोषणापत्र।<br>४. सहकारी, व्यवसायिक नीजि फार्मको प्रस्ताव-मा हस्ताक्षर गने आधिकारिक व्यक्ति, अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिकताको प्रतिलिपी।<br>५. सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (एब्ल) प्रमाणपत्र, लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।<br>६. समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि ।<br>७. सम्बन्धित स्थानिय तहवाट लक्षित वर्ग पहिचान हुने सिफारिसपत्र ।<br>८. कार्यालयले माग गरे बमोजिमको अन्य आवश्यक कागजातहरु। |

द्रस्टव्य १. समुह/कृषक समुह मार्फत आउने लक्षित आवेदकहरुलाई प्राथमिकता दिइनेछ ।
२. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सूचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
पुनश्च: सम्बन्धित कार्यविधिहरू 'कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन, २०७७)', "मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०७६ तथा निवेदन/प्रस्तावको ढाँचा कार्यालयको वेबसाईट: vhlsecsiraha.p2.gov.np बाटडाउनलोड गर्नुहुन अनुरोध छ।

**५१ उपलब्धि......**

पठाउने प्रवृत्ति रोक्न 'निजामती विद्यालय' स्थापनाका लागि जग्गा प्राप्ति भइसकेको मुख्यमन्त्रीले जानकारी दिए।

पूर्वाधारतर्फ 'एक निर्वाचन क्षेत्र एक पुल' र ५ किलोमिटर सडक' निर्माणको योजनालाई प्रभावकारी रूपमा अघि बढाइएको छ। जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गराउन स्थानीय सरकार र पुरातत्व विभागसँग समन्वय गरी आवश्यक मापदण्ड 'पीएमजेडु' तयार पारिएको छ। किसान र यातायात क्षेत्रलाई राहत किसानहरूको माग अगावै आगामी असारको रोपाइँका लागि मल र खाद्य आपूर्तिको व्यवस्था मिलाइएको प्रगति विवरण सार्वजनिक गरिएको छ।

यातायात क्षेत्रमा ठूलो सुधार गर्दै ई-रिक्सा र ट्र्याक्टर चालकहरूका लागि लिखित परीक्षा नलिई सिँधै प्रयोगात्मक (ट्रायल) परीक्षा मार्फत लाइसेन्स लिन पाउने कानुनी आधार तयार गरिएको छ। सामाजिक सुरक्षा र अन्य योजना प्रदेश सरकारले सम्पूर्ण नागरिकको दुर्घटना बीमा गरेको छ भने अतिविपन्नलाई २८ हजार थान कम्बल वितरण गरिएको छ।

साथै, खेलकुदलाई प्रबर्द्धन गर्न पहिलो पटक 'मधेश प्रिमियम लिग' आयोजना गर्ने र सबै वडामा क्रिकेट टुल सेट उपलब्ध गराउने प्रक्रिया पूरा भएको छ। मुख्यमन्त्री यादवले यी उपलब्धिहरू आगामी दिनमा अझ प्रभावकारी प्रतिफल हासिल गर्ने आधार मात्र भएको बताए।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिराहा

## मत्स्यपालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०४)

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" तथा **'मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०७६' अनुरुप नयाँ पोखरी निर्माण कार्यक्रम** अधिकतम ५०% प्रतिशत लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक, समूह, सहकारी, नीजि फर्म, संस्थाहरुले तपसिलका कार्यक्रमका लागि देहायका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति२०८२/१२/१८) सम्म र अन्तिम दिन सार्वजनिक विदा भएको खण्डमा सोको भोलिपल्ट कार्यालय समय भित्र सिलबन्दी आवेदन/प्रस्ताव पेश गर्न आह्वान गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त भएका प्रस्तावहरु छनौटमा समावेश गरिने छैन। यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८, ९८५२८३४८०३ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | जम्मा परिमाण | प्रति कार्यक्रम अधिकतम अनुदान रकम | कार्यालयबाट हुने अधिकतम साझेदारी प्रतिशत | कुल अनुदान रकम (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| १. | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (आरक्षित कोटा १०%) | हेक्टर | १ | रु. १५ हजार प्रति कट्ठा | ५०% | ४५ |
| २. | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (**सर्वसाधारणको** लागि ९०%) | हेक्टर | ९ | रु. १५ हजार प्रति कट्ठा | ५०% | |

देहाय:

१. रु. १० को टिकट टाँस गरिएको फा.नं.२ अनुसारको आवेदन फाराम।
२. फा.नं.३ र फा.नं.३ क अनुसारको कार्य योजना, कार्यक्रम सञ्चालन गर्ने स्थानको GPS बिन्दु (को-अर्डिनेटस) अनिवार्य उल्लेख गर्नु पर्ने।
३. व्यक्तिको हकमा निजको र दर्ता भएका समूह, सहकारी, नीजि फर्म, संस्थाको प्रस्तावमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्ति अध्यक्ष, कोषाध्यक्ष र सचिवको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, दर्ता भएका सहकारी, नीजि फर्म, संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN ) प्रमाणपत्रको प्रतिलिपि, लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
४. प्रस्तावित मत्स्य पालन कार्यमा संलग्न हुने सगोलको परिवारका सदस्य तथा दर्ता भएका समूह सहकारी, फर्म,संस्थाका सो कार्यमा संलग्न हुने सदस्यहरुले प्राप्त गरेका तालिम र शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु, समुह/समिति/सहकारी/नीजि फर्म/संस्थाको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि, समुह/समिति/सहकारीको हकमा कार्यक्रम कार्यान्चयन प्रतिबद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि।
५. लक्षित वर्ग (शहिद/बेपत्ता/द्वन्द्व पिडित परिवार, दलित/अन्य लिङ्गी/भिन्न प्रकारले सक्षम/महिला, आदिवासी/जनजाति/विपन्न गरिब) भए प्रमाण खुल्ने कागजात (आरक्षित कोटा १०% को लागि)।
६. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको मापदण्ड अनुसार जग्गाको लालपुर्जा, मालपोत तिरेको र सिद तथा लिजमा लिएको जग्गाको जग्गाधनि पूर्जा र कम्तिमा ५ बर्षको लागि करारनामा/मन्जुरनामा (नोटरी पब्लिकबाट प्रमाणित)।
७. स्थानीयतह पशु सेवा शाखाको सिफारिस पत्र।
८. फा.नं.३ बमोजिम आवेदकको स्वघोषणा र प्रतिबद्धता। समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट विगत ३ वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र।
९. कार्यालयले आवश्यकता अनुसार माग गरे बमोजिमको अन्य आवश्यक कागजातहरु।

द्रस्टव्य

१. यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।
२. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सूचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

पुनश्च: सम्बन्धित कार्यविधिहरू 'कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन, २०७७)', "मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०७६ तथा निवेदन/प्रस्तावको ढाँचा कार्यालयको वेबसाईट: vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नुहुन अनुरोध छ।

## ा फतेहीको
## त विवादमा

मा सन्देश संवाददाता

ोलबजार । आगामी ड फिल्म 'केडी : द डेविल' ाँ गीत 'सरके चुनर तेरी सार्वजनिक हुनासाथ मा परेको छ । ारणको विरोध र कानुनी बढेपछि यो गीत बाट हटाइएको छ ।

ंजय दत्त र नोरा फतेही यस गीतमाथि अश्लीलता को आरोप लागेको छ । शब्द र दृश्यलाई लिएर ाक सञ्जालमा पनि तीव्र ना भइरहेको छ ।

यसैबीच, अल इन्डियन र्कर्स एसोसिएसनले केन्द्रीय ्र प्रमाणन बोर्डका अध्यक्ष जोशीलाई पत्र पठाउँदै त कडा आपत्ति जनाएको स्थाले यस्ता अश्लील र ी सामग्री भारतीय का लागि स्वीकार्य नहुने ारेको छ ।

ीत स्ट्रिमिङ प्लेटफर्ममा ानिक हुनासाथ कर्ताले यसका शब्द र ई 'फोहोर' र 'द्विअर्थी' ालोचना गरेका छन् । यति बढ्यो कि सार्वजनिक एक दिनमै निर्माता पक्षले टाएको छ ।

पहिले युट्युबमा गीतको खोल्दा भिडियो उपलब्ध ा, 'यो भिडियो प्राइभेट ने सन्देश देखिन्छ । नोरा ले पनि आफ्नो इन्स्टाग्राम ाट उक्त गीतको भिडियो ो छन् ।

यस गीतलाई लिएर ारण मात्र होइन, फिल्म खेलकुद जगतका व्यक्तिले सन्तुष्टि जनाएका छन् । अरमान मलिकले जिक सञ्जालमार्फत आलोचना गर्दै यसलाई खन क्षेत्रमा 'गिरावटको दाहरण' भनेका छन् ।

त्यसैगरी, पूर्व क्रिकेटर न सिंहले पनि गीतको ीप्रति कडा आपत्ति

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिराहा

## मत्स्य उत्पादकत्व वृद्धि कार्यक्रमको कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०४)

यस विज्ञ केन्द्रको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका कार्यक्रमहरू संचालनका लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" तथा पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१' अनुरुप तपसिल बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक/कृषि सहकारी/कृषि फर्म/कृषि उद्योग/व्यवसायिक फार्म/कृषक समुहहरुले देहाय बमोजिमका कागजात सहित १५ औं दिन (मिति२०८२/१२/१८ गते) सम्म र अन्तिम दिन सार्वजनिक विदा भएको खण्डमा सोको भोलिपल्ट कार्यालय समय भित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ। यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८, ९८५२८३४८०३ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

तपसिल :

| क्र.सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | कुल अनुदान रकम रु. (रु.लाखमा) | कार्यालय बाट हुने अधिकतम साझेदारी % | साझेदार अनुदान ग्राही /आवश्यक न्युनतम मापदण्ड | खर्च गर्न सकिने विषयगत क्षेत्रहरू |
|---|---|---|---|---|---|---|---|
| १. | मत्स्य उत्पादकत्व वृद्धि कार्यक्रम | पटक | १ | १५ | ५०% | -कृषक/निजि फार्मको हकमा कम्तिमा १० कठ्ठा जलाशयमा मत्स्यपालन भएको<br>-सहकारीको हकमा कम्तिमा १ बिघा जलाशयमा मत्स्यपालन भएको | क) उत्पादन क्षेत्र बिस्तार<br>♦नयाँ पोखरी निर्माण<br>ख) उत्पादकत्व बृद्धि<br>♦माछा भुरा (फ्राई/फिङ्गरलिङ्ग, एडभान्स फिंगरलिङ्ग वितरण)<br>♦कृषि चुन वितरण मत्स्य उत्पादनसँग सम्बन्धित मेसिनरी औजार<br>♦औषधी<br>ग) बजारीकरण<br>♦माछा पसल सुधारसँग सम्बन्धित कार्यहरु |

देहाय:

आवश्यक कागजातहरु

१. रु. १० को टिकट टाँस गरी फा.न. २ अनुसारको प्रस्ताव/आवेदन।
२. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना, कार्यक्रम सन्चालन गर्ने स्थानको GPS बिन्दु (को-अर्डिनेट्स) अनिवार्य उल्लेख गर्नु पर्ने।
३. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायवाट विगत ३ वर्षमा अनुदान नलिएको स्व-घोषणापत्र।
४. कृषक/व्यक्तिको हकमा निजको र कानून बमोजिम दर्ता भएका समूह, सहकारी, व्यवसायिक नीजि फार्मको प्रस्ताव-मा हस्ताक्षर गर्ने आधिकारिक व्यक्ति, अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिकताको प्रतिलिपी।
५. व्यावसायिक फार्म/समूह/ सहकारी/नीजि फार्म/उद्योगीको सम्बन्धित निकायमा दर्ताभएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि,लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
६. समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि।
७. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको मापदण्ड अनुसार जग्गाको लालपुर्जा, मालपोत तिरेको रसिद र लिजमा लिएको जग्गाको जग्गाधनि पूर्जा, मालपोत तिरेको रसिद र कम्तिमा ५वर्षको लागि करारनामा/मन्जुरनामा (नोटरी पब्लिकबाट प्रमाणित)।
८. स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र।
९. तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु।
१०. पशूपन्छी तथा मत्स्य वीमा गरेको भए सोको वीमा लेख।
११. कार्यालयले आवश्यकता अनुसार माग गरे बमोजिमको अन्य आवश्यक कागजातहरु।

द्रस्टव्य

१. विगत बर्षहरुमा अनुदान नलिएको तथा उन्नत प्रविधि अवलम्वन गरेको कृषक/कृषकसमूह/कृषि सहकारी/उद्यमीहरुलाई प्राथमिकता दिईनेछ।
२. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।
३. अधिकतम अनुदान प्रतिशत कृषिक्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन, २०७७) मा व्यवस्था भए वमोजिम क्रियाकलाप अनुसारअनुदानको सिमा कायम हुनेछ।
४. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सूचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

पुनश्च: सम्बन्धित कार्यविधिहरू 'कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन, २०७७)', "मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०७६ तथा निवेदन/प्रस्तावको ढाँचा कार्यालयको वेबसाईट: vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नुहुन अनुरोध छ।